## बकैया गाउँकार्यपालिकाको मिति २०७६।०६।०५ गतेको बैठकका प्रस्ताव एवं निर्णयहरु

**१. वडा नं. ४ कार्यालयको रङ्गरोगन सम्बन्धमा :-**

प्रस्तुत विषयमा छलफल गर्दा साविक गाँउ कार्यपालिकाको कार्यालय भवनमा ४ नम्बर वडा कार्यालय रहने तथा उक्त भवनमा रङ्गरोगन गर्नुपर्ने आवश्यकता रहेकोमा गाँउपालिकाको निर्धारित बजेट सिमा भित्र रहेर उपभोक्ता समिति मार्फत रङ्गरोगन गराउने निर्णय गरियो ।

**२. अमानतबाट कर संकलन सम्बन्धमा:-**

बकैया गाउँपालिका क्षेत्रभित्र रहेका खोला तथा बगर क्षेत्रबाट ढुँगा, गिट्टी, बालुवा आदिको व्यवस्थित रुपमा उत्खनन गर्न गाउँपालिकाले तयार गरिरहेको प्रारम्भिक वातावरणीय परिक्षणको प्रतिवेदन स्विकृत भई ठेक्काको प्रकृया सम्पन्न नभएसम्मको लागि 'अमानतबाट कर संकलन कार्ययोजना, २०७६' सर्वसम्मत पारित गर्दै असोज ६ बाट ढुँगा गिट्टीको कर अमानतबाट संकलन सुरु गर्ने सर्वसम्मत निर्णय गरियो। साथै 'बकैया गाउँपालिकाको अमानतबाट कर संकलन कार्ययोजना, २०७६' बमोजिम अमानतबाट कर संकलन कार्यको लागि बकैया गाँउपालिका क्षेत्रभन्दा बाहिर निकाशाको रकम उठाउन यस कार्यालयका कार्यालय सहयोगी श्री बुद्दि बहादुर माझीलाई वडा नं. ५ श्रीपुर नाकामा खटाउने तथा स्थानीय स्तरमा घरायसी प्रयोजनका लागि सम्बन्धित वडा कार्यालयको सिफारिश अनुसारको व्यक्तिलाई खटाउने तथा उठाएको कुल रकमको क्रमशः ३% र २०% पारिश्रमिक दिने निर्णय गरियो ।

**३. ढुँगा गिट्टी बालुवाको संकलन र बिक्रि शुल्क सम्बन्धमा:-**

प्रस्तुत विषयमा छलफल गर्दा प्रदेश नं ३ सरकार द्वारा निर्धारित ढुँगा गिट्टी बालुवा रोडा माटोको घाटगद्दि तथा बिक्रि शुल्क सम्बन्धमा गाउँपालिका बाहिर बिक्रि हुने र गाउँपालिका भित्र नै व्यवसायीक प्रयोजनको लागि संकलन तथा बिक्री गरिने नदि जन्य पदार्थ र माटोको घाटगद्दि तथा बिक्री शुल्क प्रदेश सरकारले नै निर्धारण गरेको दररेट (प्रतिघनफिट क्रमशः रु. ९ र रु. २.५) बमोजिम लिने र गाउँपालिका भित्र घरायसी प्रयोजनको लागि संकलन गरिने त्यस्ता नदिजन्य पदार्थको संकलन शुल्क र माटोको संकलन शुल्क मु.अ.क. बाहेक प्रतिघनफिट क्रमशः रु. ३ र ५० पैसा हुनेगरि तपशिल बमोजिम लिने गरी निर्णय गरियो।

**तपशिल:**

| क सं | सवारीको किसिम | मूल्य अभिवृद्धि कर सहित जम्मा रकम रु. | | | | कैफियत |
|---|---|---|---|---|---|---|
| | | ढुङ्गा, गिट्टी, बालुवा रोडा | | माटो | | |
| | | घाटगद्दि तथा बिक्रि शुल्क | गाउँपालिकाभित्र घरायसी प्रयोजनको लागि | घाटगद्दि तथा बिक्रि शुल्क | गाउँपालिकाभित्र घरायसी प्रयोजनको लागि | |
| १ | ट्रिपर ठुलो(MAN) | ५६९५.२ | १८९८.४ | १५८२ | ३१६.४० | |
| २ | ट्रिपर ठुलो | ४०६८ | १३५६ | ११३० | २२६.०० | |



बकैया गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
हातीसुँडे, मकवानपुर

खनाल

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ३ | ट्रिपर मझौला | २५४२.५ | ८४७.५ | ७०६.२५ | १४१.२५ | |
| ४ | ट्रिपर सानो | १५२५.५ | ५०८.५ | ४२३.७५ | ८४.७५ | |
| ५ | ट्र्याक्टर | १०६७.५ | ३५५.९५ | २९६.६३ | ५९.३३ | |

४. **प्रारम्भिक वातावरणीय परिक्षण (IEE) सम्बन्धमा :-**

प्रस्तुत विषयमा छलफल गर्दा चालु आर्थिक वर्ष २०७६।७७ मा बकैया गाउँपालिकाभित्र रहेका बिभिन्न खोला नालाहरुमा रहेका ढुंगा गिट्टी बालुवा लगायतका नदिजन्य सामाग्री निकाशी गरी कर संकलनको लागि आवश्यक तयारी स्वरुप कार्यपालिकाको मिति २०७६।०५।०५ गतेको बैठकले केहि खोलानालाहरुको IEE गर्न प्रकृया अघि बढाउने निर्णय गरिएकोमा थप केहि खोलानालाहरुमा समेत IEE गर्नेगरि तपशिल बमोजिमका खोलानालाहरुलाई समेटि IEE गर्न आवश्यक प्रकृया अघि बढाउने निर्णय गरियो ।

**तपशिल**

| क्र सं | खोला/नदिको नाम | अवस्थिती | कैफियत |
|---|---|---|---|
| १ | बकैया खोला | वडा नं. ३, ४, ५, ६ र ७ | |
| २ | सिमात खोला | वडा नं. ४ र ५ | |
| ३ | ठाँटी खोला | वडा नं. ५ | |
| ४ | हर्दा खोला | वडा नं. ७ | |
| ५ | जुईना सुकौरा खोला | वडा नं. ६ | |
| ६ | हिरामुनी खहरे खोला | वडा नं. ७ | |
| ७ | चम्पा खहरे खोला | वडा नं. ३ | |
| ८ | लोहाजर खोला | वडा नं. ३ र ४ | |
| ९ | सुनाचरी खोला | वडा नं. ७ | |
| १० | कोलखोप खोला | वडा नं. १२ | |
| ११ | बङ्दह खोला | वडा नं. ३ | |
| १२ | हिले खोला | वडा नं. ९ | |
| १३ | साततले दोभान खोला | वडा नं. ६ | |

बकैया गाउँपालिका
दामोदर खनाल
अध्यक्ष